नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सामाजिक समावेशीकरण तथा समाजिक सुरक्षा शाखा

सिंहदरवार, काठमाडौं

फोन नं.०१-४२००३३२

पत्र संख्याः २०७५/७६

चलानी नं. १६७

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

२०७६।०३।१२

विषयः अन्तरक्रिया कार्यक्रममा सहभागी हुने सम्वन्धमा ।

श्री स्थानीय तहहरु,
मोरङ र सुनसरी

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च. नं. १५० मिति २०७६।०३।११ को अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने सम्वन्धिको पत्र यसै साथ संलग्न छ। उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसार गर्ने व्यवस्थाको लागि मिति २०७६।०३।१२ को निर्णयानुसार अनुरोध छ ।

<u>वोधार्थ</u>

सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ; वेभसाइटमा अपलोड गर्नुहुन ।

७६।३।१२

सुभद्रा सुवेदी
(शाखा अधिकृत)

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या : ०७५।७६
चलानी नं.: १८०

मिति :- २०७६/०३/११

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

विषय : - अन्तर्कृया कार्यक्रममा सहभागी हुन आवश्यक समन्वय गरिदिने सम्बन्धमा

उपर्युक्त सम्बन्धमा यस मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश नं १ को सुनसरी र मोरङ जिल्लाका सवै स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुलाई महिला सम्बन्धी सवालहरुका साथै न्यायिक समितिको काम कार्वाहीका क्रममा आईपरेका वा पर्न सक्ने समस्या तथा द्विविधाका विषयमा अवधारणागत छलफल तथा प्रयोगात्मक अभ्यास समेत गर्ने उद्देश्यले एक अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रममा मोरङ र सुनसरी जिल्लाका सबै स्थानीय तहका न्यायिक समिति संयोजक तथा सदस्यहरु र न्यायिक समिति सम्बन्धी काम गर्ने एकजना कर्मचारीलाई समेत सहभागी गराई दिनका लागि आवश्यक समन्वय तथा पत्राचार गरिदिनु हुन मिति २०७६/०३/११ को निर्णयानुसार अनुरोध गर्दछु ।

कार्यक्रम विवरण

मिति: - २०७६/०३/१६ र १७ गते
समय :- विहान ८ : ०० वजे देखि
स्थान :- होटल **Harrison Place** मोरङ, विराटनगर

(शंकर नेपाल)
उपसचिव

द्रष्टव्य :

१. कार्यक्रम विवरण यसैसाथ संलग्न छ ।
२. सहभागीहरुलाई कार्यक्रम अवधिभर विहानको खाजा र दिउँसोको खाना तथा चिया कफी उपलब्ध गराईनेछ ।
३. सहभागीहरुलाई (कार्यक्रम आयोजना स्थान बाहेक) आतेजाते २ दिनको नियमानुसार (१.२५) दैनिक भ्रमण भत्ता र सार्वजनिक सवारी साधन प्रयोग गरे वापतको यातायात खर्च उपलब्ध गराईनेछ ।
४. वेलुकाको खाना र आवासको व्यवस्थापन सहभागी आफैले गर्नु पर्नेछ ।
५. सरकारी / निजी सवारी साधन प्रयोग गरी आएमा सवारी चालकको दैनिक भ्रमण भत्ता सम्बन्धित स्थानीय तह आफैले उपलब्ध गराउनु पर्नेछ ।
६. न्यायिक समितिमा पर्न सक्ने विभिन्न उजुरीहरुका विषयमा प्रयोगात्मक अभ्यास (**Mock Session**) हुने गरी कार्यक्रमको स्वरुप निर्धारण गरिएको छ ।

## स्थानीय तहका जनप्रतिनिधिहरुलाई महिलासम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानून तथा न्यायिक समिति सम्बन्धी कार्यशाला

### विराटनगर

### (२०७६ अषाढ १६ र १७ गते)

पहिलो दिन

| समय | कार्यक्रम | जिम्मेवारी/स्रोत व्यक्ति |
|---|---|---|
| पहिलो सत्र | **कार्यक्रम संचालन : उ. स. शंकर नेपाल** | |
| ०८:००-९:०० | नाम दर्ता र चिया नास्ता | |
| ०९:००-९:१० | स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश | सहसचिवज्यू |
| ९:१०-९:३० | सहभागीको परिचय | |
| ९:३०-११:०० | मन्तव्य, शुभकामना तथा समापन | |
| **दोस्रो सत्र** | | |
| ११:००-११:१५ | **Tea break** | |
| ११:१५-११:२० | सेसन सञ्चालनका नियम सम्बन्धमा जानकारी | उ.स. शंकर नेपाल |
| ११:२०-११:५० | महिलासम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीति तथा कानूनबारे जानकारी | स.स. रुद्रादेवी शर्मा |
| ११:५०-१२:३० | न्यायिक समितिको उद्देश्य तथा न्याय सम्पादन प्रकृया | मा. न्यायधीश .......... |
| १२:३०-१:०० | प्रश्नोत्तर तथा प्रयोगात्मक अभ्यासका लागि समूह विभाजन | सहजकर्ता : उ.स. (कानून) शरिता रायमाझी<br>अधिवक्ता श्री अनिता न्यौपाने थपलिया<br>अधिवक्ता श्री अञ्जना न्यौपाने |
| १:००-१:४५ | दिवा खाना | |
| १:४५-२:०० | प्रयोगात्मक अभ्यासको प्रकृया तथा अभ्यासका नियम सम्बन्धी जानकारी | सहजकर्ता : अधिवक्ता श्री अनिता न्यौपाने थपलिया<br>अधिवक्ता श्री ना अञ्जना न्यौपाने............. |
| २:००-२:३० | **अभ्यासहरु**<br>उजूरी दर्ता/दरपीठ/वादविवाद | सहजकर्ता : उ.स. (कानून) शरिता रायमाझी<br>अधिवक्ता अनिता न्यौपाने थपलिया<br>अधिवक्ता ............. |
| २:३०-३:१५ | उजूरी दर्ता र प्रारम्भिक छलफल (उपप्रमुख /उपाध्यक्ष समक्ष)<br>छलफलका लागि दुवै पक्ष झिकाउने वा मेलमिंलाप संमितिमा पत्र समेत पठाउने -पत्र लेखन अभ्यास समेत) | सहजकर्ता : उ.स. (कानून) शरिता रायमाझी<br>अधिवक्ता अनिता न्यौपाने थपलिया<br>अधिवक्ता ............. |
| ३:१५-४:०० | मेलमिलाप समितिको प्रकृया र मिलापत्र तथा वा | सहजकर्ता : उ.स. (कानून) |

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | न्यायिक समितिलाई पत्र तयारी -मिलापत्र तथा पत्र लेखन अभ्यास समेत) | शरिता रायमाझी<br>अधिवक्ता अनिता न्यौपाने थपलिया<br>अधिवक्ता ............. |
| ४:००-४:४५ | मेलमिलाप समितिको पत्र तथा कागजात दर्ता वा नयाँ मुद्दा दर्ता तथा पक्ष विपक्षलाई छलफलका लागि झिकाउने आदेश (आदेशको खाका समेत) | सहजकर्ता : उ.स. (कानून)<br>शरिता रायमाझी<br>अधिवक्ता अनिता न्यौपाने थपलिया<br>अधिवक्ता ............. |
| ४:४५ -५:१५ | न्यायिक समिति समक्ष पक्ष विपक्ष छलफल | सहजकर्ता : उ.स. (कानून)<br>शरिता रायमाझी<br>अधिवक्ता अनिता न्यौपाने थपलिया<br>अधिवक्ता ............. |
| ५:१५-६:०० | | |
| ५:१५-६:०० | Hi-Tea | |

दोस्रो दिन

| | कार्यक्रम | जिम्मेवारी/स्रोत व्यक्ति |
|---|---|---|
| **पहिलो सत्र** | | |
| ०८:००-९:०० | **विहानको खाजा** | |
| ०९:००-१०:०० | न्यायिक समितिबाट फैसला तथा फैसला लेखन अभ्यास | सहजकर्ता : उ.स. (कानून)<br>शरिता रायमाझी<br>अधिवक्ता अनिता न्यौपाने थपलिया<br>अधिवक्ता ............. |
| १०:००-११:३० | **क. समूहको प्रस्तुति तयारी**<br>**ख. समूह प्रस्तुति र टिप्पणी**<br>**समूह १ को प्रस्तुति (समूह २ को टिप्पणी)**<br>**समूह २ को प्रस्तुति (समूह ३ को टिप्पणी)**<br>**समूह ३ को प्रस्तुति (समूह ४ को टिप्पणी)**<br>**समूह ४ को प्रस्तुति (समूह १ को टिप्पणी)** | |
| ११:३० -१२:३० | खुला प्रश्नोत्तर | |
| १२:३०-१:१५ | **समापन समाहरोह** | |
| | मोरङ जिल्लाको न्यायिक समितिका तर्फबाट १ जना संयोजक<br>सुनसरी जिल्लाको न्यायिक समितिका तर्फबाट १ जना संयोजक<br>सहभागीबाट पृष्ठपोषण संकलन<br>मन्त्रालयका तर्फबाट समापन | |
| १:१५-०२::१५ | **दिउँसोको खाना** | |